# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विर्घा, स्याङ्जा
## स्थापित २०७३

पत्र संख्या : २०७९/८०

चलानी नं.

गण्डकी प्रदेश, नेपाल

**पशु चौपायाहरु र फलाम, प्लाष्टिक जस्ता कवाडीजन्य गाउँपालिका बाहिर निकासी ठेक्कामा लगाउने बारे शिलबन्दी दरभाउपत्र आह्वानको सूचना!**

(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/१०)

यस गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ (घ) ६ तथा कालीगण्डकी गाउँपालिकाको आन्तरिक आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७८ बमोजिम चालु आ.व.०७९/८० का लागि पशु चौपाया तथा कवाडीजन्य वस्तुको निकासीको आय संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का गर्नका लागि योग्य फर्म वा कम्पनीले कागजातहरु संलग्न राखी देहाय बमोजिम रकम बुझाई बोलपत्र फाराम कालीगण्डकी गाउँपालिकाको कार्यालयबाट खरिद गरी मु.अ.कर र अग्रिम आयकर सहितको कुल कबोल रकमको पाँच प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेको प्राइम कमर्सियल बैंक कालीगण्डकी शाखामा रहेको खाता नं. ०६७००२०२CA मा आफ्नो फर्मको नाम र ठेक्का नं. समेत उल्लेख गरी जम्मा गरेको सक्कलै बैंकभौचर वा कम्तिमा ७५ दिन म्याद भएको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (बिड वण्ड) संलग्न राखी यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ र अन्य विवरण गाउँपालिकाको वेवसाइटमा उपलब्ध रहेको छ।

| ठेक्का नं. | विवरण | न्यूनतम रकम कर बाहेक | बोलपत्र दस्तुर | म्याद र स्थान |
|---|---|---|---|---|
| KLGD/KWD/SQ/01/079/80 | फलाम, प्लाष्टिक जस्ता कवाडीजन्य सामग्रीहरु गाउँपालिका बाहिर निकासी | ८०,८००।- | १०००।- | बुझाउने अन्तिम मितिः २०७९/०४/२५ गते दिउँसो १२:०० बजे। ठेक्का खुल्ने मितिः २०७९/०४/२५ गते। दिउँसो १:०० बजे। कालीगण्डकी गाउँकार्यपालिकाको कार्यालय |
| KLGD/LSK/SQ/01/079/80 | पशु चौपायाहरु गाउँपालिका बाहिर निकासी | ८८,०००।- | १०००।- | |

हिरामणी पाण्डे

नि.प्रमुख प्रशासकीय अधिकृत